बैठक मितिः २०८०/०२/०२

बैठक सङ्ख्याः २४

छलफल तथा निर्णयः

१. आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा सम्बन्धमा राष्ट्रिय योजना आयोगमा भएको नीतिगत एवं कार्यक्रमगत छलफलका आधारमा तयार गरिएको बजेट छलफल प्रतिवेदन स्वीकृत गरी अर्थ मन्त्रालयमा प्रेशित गर्ने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भैआएको परशुराम नगरपालिका, डडेल्धुरामा रहेको सलेता - सिमलवण्ड - पलगढि सडक निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने।

३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त भएको राष्ट्रिय व्यवसायिक तालिम नीतिको मस्यौदा उपर आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी राय पठाउने।

४. स्थानीयतहको लागि तयार भएको स्थानीयतह आयोजना बैंक सूचना प्रणाली सबै स्थानीयतहहरूमा हस्तान्तरण गर्ने।

५. संसद सचिवालयबाट प्राप्त प्रतिनिधि सभा तथा राष्ट्रिय सभामा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता सम्बन्धी छलफलमा माननीय सदस्यहरूबाट प्रस्तुत भएका विचारहरूको संक्षिप्त प्रतिवेदनमा उल्लेखित विषयहरू उपर छलफल गरियो।